सहिद दिवस, २०८२ मनाउने सन्दर्भमा मिति २०८२/१०/१३ गते बसेको बैठकको ~~प्रस्तावित~~ निर्णयहरु

सहिद दिवस, २०८२ भव्यताका साथ मनाउन २०८२ माघ १५ र १६ गते देहाय अनुसारको कार्यक्रम संचालन गर्ने।

१. सहिद दिवस, २०८२ को अवसरमा माघ १५ गते प्रदेश मन्त्रालय/कार्यालयहरुको विशेष सरसफाई गर्ने।

२. माघ १६ गते साँझ प्रदेशस्थित सबै मन्त्रालय/कार्यालयहरु एवम् सामुदायिक संघसंस्था शैक्षिक प्रतिष्ठान तथा निकायले दिप प्रज्वलन गर्ने ।

३. प्रदेशभर सबै सार्वजनिक निकायमा सम्बन्धित निकायले राष्ट्रिय झण्डा फहराउने व्यवस्था मिलाउने। हेटौंडास्थित सार्वजनिक स्थलहरु (बुद्ध चोक र बसपार्क) मा राष्ट्रिय झण्डाको व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

४. सबै प्रदेश मन्त्रालय/निकायहरुले आ-आफ्नो कार्यालयको वेभसाइटको होमपेजमा "सहिद दिवस, २०८२" लेखिएको व्यानर देखाउने व्यवस्था मिलाउने ।

५. २०८२ माघ १६ गते विहान ८:०० बजे हेटौंडा-११ स्थित सहिद स्मारकमा भेला भई समारोहको कार्यक्रम सञ्चालन गर्ने ।

६. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा हुने कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यूलाई प्रमुख अतिथिको रुपमा, पूर्व मुख्यमन्त्री एवम् सहिद स्मारक विकास समितिका अध्यक्षज्यूलाई विशेष अतिथीका रुपमा आमन्त्रण गर्ने ।

७. कार्यक्रममा सुरक्षा निकायहरुले एक आपसमा समन्वय गरी सलामी अर्पण गर्ने ।

८. १६ गतेको मूल कार्यक्रममा मञ्च तथा चियापानको व्यवस्थापन सहिद स्मारक विकास समितिसँगको समन्वयमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले संचालन गर्ने।

मुख्यमन्त्री

मा.शिवराज अधिकारी
मन्त्री

प्रदेश सचिव